# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ असोज ११ गते

### सर्वसाधारणको दैनिक जनजीवन कष्टकर नबनाउन आग्रह ।

विगत लामो समयदेखि देशमा जारी आन्दोलन, बन्द तथा प्रदर्शनका कारणबाट पेट्रोलियम पदार्थ, औषधि लगायत दैनिक उपभोग्य वस्तुको अभाव हुँदा सर्वसाधारण नागरिकको दैनिक जनजीवन दिनानुदिन कष्टकर हुँदै गइरहेको प्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा उत्पन्न असहज परिस्थितिबाट व्यक्तिको जीवनको अधिकार, खाद्यान्नको अधिकार, न्याय प्रशासनमा पहुँच, उपभोक्ताको अधिकार, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने अधिकार, बालबालिकाको शिक्षा पाउने अधिकार लगायतका मानव अधिकारको उपभोगमा व्यवधान खडा भएको आयोगको अनुगमनबाट पाइएको छ ।

जनजीवन कष्टकर हुने गरी सीमा-नाका तथा राजमार्ग केन्द्रित अवरोधलाई मानवीय संवेदशीलता र मानव अधिकारको प्रत्याभूतिका दृष्किोणबाट यथाशीघ्र वार्ता र संवादको माध्यमबाट तत्काल समाधान गर्न आयोग सम्बद्ध पक्षहरुलाई आग्रह गर्दछ ।

वर्तमान असहज परिस्थितिमा प्रत्येक उद्योग-व्यवसायीले आफ्नो दायित्वप्रति संवेदनशील हुँदै उपभोग्य वस्तुहरुको सहज आपूर्ति गर्न उद्योग व्यवसायीलाई, यस कार्यमा बाधा व्यवधान खडा नगर्न आन्दोलनरत पक्षलाई र सुरक्षाको प्रत्याभूति दिलाउन नेपाल सरकारलाई आयोग आग्रह गर्दछ । साथै उपभोग्य वस्तुहरुको कालोबजार नियन्त्रण र अनुगमनतर्फ नेपाल सरकारको ध्यान जानु अत्यन्त जरुरी भएको आयोगको ठम्याई छ ।

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी, १९६६ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी लगायत नेपाल पक्ष राष्ट्र भएको मानव अधिकार सन्धीहरुले सुनिश्चित गरेका मानव अधिकारको उपभोगमा व्यवधान आउने परिस्थितिलाई सम्बोधन गर्ने राज्यको दायित्व रहेको पनि आयोग स्मरण गराउँदछ ।

वेदप्रसाद भट्टराई

का.मु. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org